बैठक संख्या -६१

आज मिति २०७९।०६।१२ गतेका दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्याल ज्यूको अध्यक्षतामा बसि तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| श्री माधवप्रसाद अर्याल | अध्यक्ष |
| श्री चमेली गुरुङ | उपाध्यक्ष |
| श्री मार सिङ तामाङ | वडा अध्यक्ष |
| श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष |
| श्री लाल बहादुर तामाङ लामा | वडा अध्यक्ष |
| श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष |
| श्री यमनाथ आचार्य | वडा अध्यक्ष |
| श्री बुटी तामाङ | कार्यपालिका सदस्य |
| श्री ज्ञानु विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री शान्ती माया तामाङ | कार्यपालिका सदस्य |
| श्री पुतली विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री पुर्ण बहादुर घले | कार्यपालिका सदस्य |
| श्री राम बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री रुपचन्द्र अधिकारी | सदस्य सचिव |

प्रस्तावहरु :

१) बाढि पहिरोबाट क्षति भएको बाटो, खानेपानी तथा सिंचाई मर्मत सम्बन्धमा ।

२) हरितालिका तिज कार्यक्रम सम्बन्धमा ।

३) एम्बुलेन्स सञ्चालक समितिलाई रकम निकासा सम्बन्धमा ।

निर्णयहरु :

प्रस्ताव नं १ माथि छलफल गर्दा २०७९ साल श्रावण महिना देखि यस उत्तरगया गाउँपालिका अन्तरगत विभिन्न वडाहरुमा गएको बाढि पहिरो र त्यसबाट अबरुद्ध भएका सडक, खानेपानी, सिंचाई तथा अन्य संरचनाको मर्मत तथा सुधार गर्न सम्बन्धित स्थानहरुमा प्राविधिक लागत अनुमान र सम्बन्धित वडाको सिफारीस अनुसार सम्झौता भई कार्य सम्पन्न भएका तपशिलका कार्यहरुमा भएको खर्च बजेट उपशीर्षक ८०३२८५०११०६ (उत्तरगया गाउँपालिका-विपद् व्यवस्थान कोष) अन्तरगत रहेको विपद व्यवस्थापन ( बाढि पहिरोबाट अबरुद्ध सडक तथा खानेपानी लगायत अन्य मर्मत) बाट भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल :

क) खानेपानी तथा सिंचाई पाईप खरिद

ख) बाढि पहिरोबाट अबरुद्ध सडक मर्मत

ग) सार्वजनिक सम्पत्तिको संरक्षण र मर्मत

घ) काठे फड्के निर्माण

ङ) उत्तरगया खेलमैदान संरक्षण

प्रस्ताव नं. २ माथि छलफल गर्दा महिला विकास तथा ज्येष्ठ नागरिक शाखा अन्तरगत विभिन्न दिवसहरु मनाउने कार्यक्रमबाट वडा नं ५ मा हरितालिका तिजमा सांस्कृतिक कार्यक्रम सञ्चालन गरे वापत राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाललाई रु. ५०,०००।- (अक्षेरेपी पचास हजार रुपैयाँ मात्र)भुक्तानी गर्न निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा उत्तरगया गाउँपालिका एम्बुलेन्स सञ्चालक समितिलाई रु.२,२५,०००।- (अक्षेरेपी दुई लाख पच्चिस हजार रुपैयाँ मात्र) निकासा गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।